नेपाल सरकार

नेपाल सरकार

# गृह मन्त्रालय

( नागरिकता तथा हातहतियार ................................... शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ०६३।६४
प्राप्त पत्र संख्या र मितिः-
च. नं.:- ५३

मितिः- २०६३/०४/२२........

विषयः नागरिकतामा थर सच्याउने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय, सवै ।

नागरिकता प्रमाणपत्र वितरण कार्याविधि निर्देशिकाको परिच्छेद ६(क) मा समाजमा अझै विद्यमान रहेको जातिगत संकिर्णता र हिनताबोधले गरी फरक थर राखी नागरिकता प्रमाणपत्र माग गरी नागरिकता प्रमाणपत्रमा नयाँ थर राखी वा थर सच्याई नागरिकता प्रमाणपत्र दिने र त्यस्तै महाकाली अञ्चलका केही जिल्लाहरुका व्यक्तिले अशोभनीय थर, ठग, ढाँट, चोर, भूल आदि राखी लिएको नागरिकतामा थर सच्यान चाहेमा जिल्ला प्रशासन कार्यालयले नागरिकता प्रमाणपत्रमा थर सच्याइदिने भन्ने व्यहोराको प्रावधान रहेको स्पष्टै छ ।

यति हुँदा हुदै पनि कतिपय प्रमुख जिल्ला अधिकारीहरुले सो बमोजिम नगरेको गुनासाहरु वारम्वार आउने गरेको र जिल्ला प्रशासन कार्यालय, म्याग्दीबाट हिनताबोध हुने थरको सट्टामा राष्ट्रिय दलित आयोगले निर्दिष्ट गरेका थरहरु राखी नागरिकता प्रमाणपत्र संशोधन गरी प्रतिलिपी दिन मिल्ने-नमिल्ने सम्बन्धमा लिखित निर्देशन समेत माग भई आएको सन्दर्भमा निर्देशिकाको ६(क) मा उल्लेख भए अनुसार महाकाली अञ्चलका केही जिल्लाहरुको हकमा नागरिकतामा थर सच्याउन सकिने भनी राखिएको प्रावधान अन्य जिल्लाहरुको हकमा समेत लागू गर्न र हिनताबोध हुने थरहरु संशोधन गर्न चाहनेहरुका सम्वन्धमा निर्देशिका एवम् यस अधिका परिपत्रहरुमा भएका व्यवस्थाहरु कडाईका साथ लागू गर्न सवै जिल्लामा परिपत्र गर्न नेपाल सरकार (सचिवस्तर) बाट मिति २०६३।०४।२१ मा निर्णय भएकोले सो निर्णय अनुसार गर्न गराउनुहुन अनुरोध छ ।

(सुनील खनाल)
शाखा अधिकृत